नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक २३४ | २०७७ साल असार २७ गते शनिबार (11 July 2020 Saturday) | मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : मैथिल महिलाको ... ३ पृष्ठमा : बन्दाबन्दीमा महिला हिंसा बढ्दो, ... ३ पृष्ठमाकोरोना भाइरसबाट विश्वमा पाँच लाख..

# सप्तकोशीमा पानीको बहाव उच्च, ३८ ढोका खोलियो

**दैनिक समाचारदाता**
**राजविराज, २६ असार ।**

अविरल वर्षाका कारण सप्तरी र सुनसरीको सीमामा पर्ने सप्तकोशी नदीमा पानीको बहाव बढेको छ ।



शुक्रबार दिउँसो २ बजेको मापन अनुसार पानीको बहाव २ लाख ५४ हजार ६ सय १५ क्यूसेक प्रति सेकेन्ड पुगेको हो । यो बहाव सप्तकोशी नदीमा यो वर्षकै उच्च रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पानीको बहाव बढेसँगै कोशी ब्यारेजका ५६ ढोका मध्ये ३८ वटा ढोका खुल्ला गरिएको कोशी ब्यारेज कन्ट्रोल रुमले जनाएको छ ।

कोशी ब्यारेजमा पानीको बहाव १ लाख ५० हजार काट्ने बित्तिकै सर्वसाधारण र आसपासका बासिन्दालाई सचेत गर्नका निम्ति भने खतराको संकेत पश्चिमतर्फ रातो बत्ति बाल्ने गरिन्छ । यसरी पानीको बहाव २ लाख ५४ हजार ६ सय १५ क्यूसेक प्रतिसेकेन्ड पुगिसकेकाले पश्चिमतर्फ रातो बत्ति बालिएको कोशी ब्यारेज सुरक्षार्थ खटिएका असई कुलबहादुर खत्रीले जानकारी दिएका छन् ।

पानीको बहाव ३ लाख काट्ना साथ अति खतराको संकेत रुवरुप रातो झण्डा झुन्ड्याउने गरिएको उनको भनाई छ ।

# लागु औषध कारोबारीसहित चार तस्कर पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २६ असार ।**

सप्तरी प्रहरीले शुक्रबार बिहान भारतबाट लुकिछिपी लागु औषध लिएर आउँदै गर्दा एक व्यक्तिसहित भन्सार छलेर कपडा ल्याउँदै गरेका चार जनालाई पक्राउ गरेको छ ।

भारतीय सीमासँग जोडिएको बनैनिया नाकाबाट हुँदै भारतबाट लागु औषध ल्याउँदै गर्दा राजगढ गाउँपालिका २ बस्ने २९ वर्षिय कौशल सिंहलाई प्रहरीले पक्राउ गरेको हो ।

*बाँकी अन्तिम पृष्ठमा*




# सप्तरीस्थित क्वारेन्टाइनमा ३ सय ३४ जना मात्र

**दैनिक समाचारदाता**
**राजविराज, २६ असार ।**

सप्तरीमा कोरोना भाइरसको संक्रमणका आशंकितको संख्या कमी हुँदै गएको छ ।

हाल जिल्लामा रहेका ८७ वटा क्वारेन्टाइन केन्द्रहरुमा कुल ३ सय ३४ जना मात्र आशंकितहरु रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । जसमध्ये अधिकांश क्वारेन्टाइन खाली नै रहेका छन् । क्वारेन्टाइनमा रहेका मध्येबाट अधिकांशको स्वाब संकलन गरिसकेको उनको भनाई छ ।

शुक्रबार साँझसम्मा जिल्लामा ३ सय ३० जना संक्रमितहरु रहेकोमा १ सय ७६ जना निको भइ

*बाँकी अन्तिम पृष्ठमा*

## NOVEL CORONA VIRUS (nCOV)

**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**


### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो
(१००.४°F भन्दा माथि)



श्वास प्रश्वासमा अत्याधिक समस्या



रुघा र खोकी


*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
राजविराज, सप्तरी

प.सं. :२०७६/०७७ (प्रशा.)
च.नं.

फोन : ०३१-५२०८३२
०३१-५२०१३४
फ्याक्स :०३१-५२०६२४

## जिल्ला प्रशासन कार्यालयको सूचना

जल तथा मौसम विज्ञान विभाग (बाढी पूर्वानुमान महाशाखा) को मिति २०७७/०३/२२ गते विहान ७ बजेको बाढी पूर्वानुमान बुलेटिनबाट सूचना प्राप्त भए अनुसार आगामी असार २५ गतेदेखि देशैभरमा मनसुन सक्रिय देखिएको र यसबाट नदीको बहाव बढ्ने, असार २६ गतेदेखि २८ गतेसम्म कनकाइ नदी, कोशी नदी, कमला नदी, बागमती नदी, नारायणी नदी र यसको साहायक नदी लगायत प्रदेश नं. १ र २ को चुरे र तराईबाट बहने प्रायः सबै नदीको बहावले शतर्कता पार गरी खतरा तह आसपास पुग्न सक्ने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुवान समेत हुने सम्भावना रहेकोले सम्भावित उच्च जोखिमको सामना गर्न पूर्व तयारीलाई प्राथमिकता दिनका साथै सो अवधिभर स्थिति सामान्य नहुञ्जेलसम्म नदी तटीय क्षेत्रमा निर्माण कार्य नगर्न हुन, नदी किनारामा नजान र आवश्यक शतर्कता कायम गर्न हुन समेत सर्वसाधारण लगायत सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा | CITY EXPRESS MONEY TRANSFER | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट HBL Himalayan Bank Ltd BATAS | CG Money | MoneyGram money transfer

## सम्पादकीय

# वर्षासँगै असारे काम

यस वर्ष मनसुन चाडै सक्रिय भएपछि अहिले नेपालभरी वर्षा भइरहेको छ । हाल तराईका अधिकांश जिल्लाहरुमा वर्षा भइरहँदा बाढीको त्रास पनि उत्तिकै बढेको छ । यता सरकारले विपद् व्यवस्थापनका लागि तयार रहेको बताएको छ। बाढी आउनुपूर्व विपद् व्यवस्थापनका लागि गरिने तयारीको अवस्थालाई समेत अहिलेको अवस्थाले सरकारको पोल खोलेको छ । विपद् आएपछि मात्र तातिने प्रवृतीले यसपटक सुरुवाती वर्षाले सबैलाई सचेत गराएको छ । यती मात्र नभएर जहिले पनि दैवी प्रकोपको नाममा गरिने पूर्व तयारी समेत विफल भएको देखिन्छ ।

सरकारको नीतिका कारण अहिलेको अवस्था सृजना भएकोमा कुनै दुई मत नहोला । हरेक सहरमा सडक बिस्तार र ढल, नालाको नाममा खनिएका बाटोहरु समयमा सम्पन्न नगर्दा तथा पानीको उचित बहाव हुने स्थान नबाउँदा यस्ता समस्याहरु आउने गरेका छन् । वर्षौंसम्म पनि सडक, ढल नाला नबनाउँदा वर्षाको समयमा पानी बाटैमा जम्नाले पोखरीमा परिणत हुने गरेको छ । हुन त असारमै विकासीय काम सम्पन्न गर्ने सरकारी नीतिका कारण पनि यस्ता समस्या आउने गरेको छ ।

असारमै बाटो निर्माण, ढल निर्माण गर्ने र माटो, ग्रोभल हाल्ने परिपाटीले समस्या आउने गरेको छ । तसर्थ यस्ता समस्या आउन नदिन आगामी दिनहरुमा सरकारी नीतिलाई सुधार गर्दै असार बाहेकको महिनामा विकासीय कार्य गर्ने परिपाटी बसाल्नतर्फ सम्बनधीत निकायको ध्यान जानु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मैथिल महिलाको सांस्कृतिक पर्व मधुश्रावणी शुरू

जनकपुरधाम, २६ असार (रासस) ।

मिथिलाञ्चलमा मैथिल महिलाको सांस्कृतिक पर्व मधुश्रावणी शुक्रबारदेखि शुरू भएको छ । सामाजिक सांस्कृतिक परम्परामा आधारित यो पर्व वैवाहिक जीवनको प्रवेशमा पहिलो वर्ष धुमधामसँग मनाइन्छ भने त्यसपछि प्रत्येक वर्ष सो अवसरमा कथा सुन्ने सुनाउने परम्परा रहेको छ ।

सामान्यतः तेह्र दिनसम्म ( तिथिको गणनामा थपघट हुँदा पर्वको अवधिमा पनि हेरफेर हुने गरेको) मनाइने यस पर्वमा मैथिल पुत्री विभिन्न गीत गाउँदै श्रीमान्ले ल्याए वा पठाएको फरिया, घोघट लगाएर सखीहरूसँग फूलबारीमा फूल टिप्दै लोकाचारलाई रागात्मक धरातलमा उभ्याउने गर्छिन् । अवधिका हिसाबले सबैभन्दा लामो समयसम्म अनुष्ठान गरिने यो पर्व वर्षभरिकै ठूलो पर्व हो ।

वर्षा ऋतुमा सर्पको भूमिमा आगमगन र विचरणले मानव जीवन त्रस्त हुनुले नाग-नागिन र प्रकृतिका प्रतीक हुने कारणबाट पनि प्रेरित यो पर्व मुख्यतः शिव, पार्वती तथा नाग-नागिनको पूजामा केन्द्रित रही मनाइने चलन छ । मौना पञ्चमीदेखि सुरू भई तृतीया तिथिका दिन समापन हुने यो पर्व मैथिल समुदायका ब्राह्मण, कायस्थ, देव र सोनार जातिमा मनाइने गरिएको पाइन्छ । पर्वमा प्रत्येक दिन गौरी तथा नाग-नागिनको पूजा गरी शिव, पार्वती र नागसँग सम्बन्धित कथा सुनाउने गरिन्छ ।

धार्मिक दृष्टिले मधश्रावणी पर्व शैव धर्मसित सम्बन्धित बुझिन्छ । शिव आशुतोष र मनोवाञ्छित फल प्रदान गर्ने देवताका रूपमा रहेका छन्।स् । यसका साथै यस पूजामा तन्त्रको पनि प्रभाव रहेको देखिन्छ । तान्त्रिक दृष्टिले शिवको महत्वपूर्ण मानिन्छ । तन्त्रशास्त्रलाई शिवप्रणीत भनिन्छ । गौरीलाई शिवकी शक्तिका रूपमा मिथिलामा स्वीकार गरिएको छ । प्रत्येक सधवा महिलाले गौरपुज्न गर्दा शिवसहित गौर्ये नमः जस्ता मन्त्र उच्चारण गर्ने गर्दछिन । गौरीलाई सौभाग्यप्रदायिनी देवी मानिएको छ ।

गौरीलाई दाम्पत्य जीवनको संरक्षिका र नागलाई नारीको पतिका रूपमा वंशलाई सामाप्त पार्ने प्रवृत्तिको जीव मानिएकाले यस पर्वमा गौरी तथा नाग-नागिनको विशेष पूजा आराधना गर्ने गरिएको पाइन्छ । वैदिक भावनानुकूल र सांस्कृतिक परम्परामा आधारित यो पर्वको उद्देश्य सुखी एवं दीर्घ दाम्पत्य जीवनका लागि गौरीका दाम्पत्य जीवनका प्रसङ्गका माध्यमले जीवनलाई सुखी बनाउने र मनकामना पूर्णका लागि उत्प्रेरित गर्नु हो ।

मिथिलाकी राजकुमारी सीताद्वारा गौरी पूजन गरिएकाले नै भगवान श्रीराम जस्ता पति पाइन् भन्ने धार्मिक आस्था पनि देखिन्छ । वाल्मीकि रामायणका अनुसार गौरी पूजनका लागि सीताले फूल टिप्ने क्रममा रामसँग भेंट भएको थियो ।

पर्वमा कतिपय कथा शिव पार्वतीको वैवाहिक, रोमाञ्चक प्रसङ्ग एवै ठटचौली भरिएका कारण नारी जीवनमा पति प्रतिको स्नेह, सौहार्दतालाई प्रगाढ बनाउन प्रेरित गर्दछ भने सर्पकी आमा विसहरा र उनको वंशका बारेमा चर्चित कथाहरूले नागको पूजा गर्ने भावनालाई अभिप्रेरित गर्ने जनविश्वाससमेत पाइन्छ ।

यो पर्व कहिलेदेखि सुरू गरिएको हो भन्न सकिने तथ्य नरहे पनि शिव पुराणको प्रसङ्गअनुसार मधुश्रावणी नामक नवविवाहिता शिवलाई आफ्नो पतिलाई कुष्ठरोग भएको व्यथा सुनाउदा शिवले तिनलाई यस प्रकारको व्रत गर्न सुझाव दिए । उहाँको सुझावअनुसार उनले व्रत गरेपछि पति निको भइ स्वस्थ भए । त्यसै दिनदेखि प्रत्येक नवविवाहिताले यसलाई वैधव्य रक्षार्थ अनुपालन गर्दे परम्परागत रूपमा मनाउँदै आएको बुझिन्छ ।

मधुश्रावणी पर्व दार्शनिक दृष्टिकोणबाट महत्वयूर्ण रहेको मानिन्छ । यस पर्वअन्तर्गत भनिने कथाहरूमा सृष्टितत्व, पृथ्वीको जन्म आदिको बयान हुनुका साथै जीवन, प्रारब्ध, कर्मफलको भाग, पुनर्जन्मलगायत गम्भीर विषयलाई लोकथाको माध्यमले सुनाइने गरिन्छ ।

यस पर्वमा मौनापञ्चमी एवं विसहराको जन्म कथा, मनसा र मङ्गला गौरीको कथा, पृथ्वीको उत्पत्ति, समुद्र मन्थन, सतीको पवित्रताको कथा, शिवको पारिवारिक कथा, गङ्गा उत्पत्ति, गौरीको जन्म र कामको कथा, गौरीको तपस्या, गौरी विवाहका जन्तीको कथा, कार्तिक र गणेशको जन्म, सन्ध्या र लीलीको विवाह, सुकन्या, बालबसन्त र गोसाउनीको कथा, राजाश्रीकर र गणेशद्वारा सुहाग मन्थनको कथा श्रवण गरिन्छ ।

यस पर्वको सामाजिक दृष्टिले पनि महत्व रहेको छ । यसका कथाहरूमा महादेवको पारिवारिक जीवनसम्बन्धी कुरा, विवाह, गौरी र महादेवको दाम्पत्य जीवन विषयक प्रसङ्गका साथै अनेक विषय समाज र परिवारमा इर्ष्या, द्वेष सेवा, सहिष्णुता, सहयोग, समर्पण, काम वासना, मनोरञ्जन, दाम्पत्य पेम, पारिवारिक कर्तव्यबोधलगायतको वर्णन गरिएको पाइन्छ ।

यस पर्वमा नागदेवताका विशेष रूपमा पूजा गरिन्छ । मिथिलामा नागलाई विषहराका अछु, कछु, महानाग, श्रीनाग र नागश्री गरी पाँच बहिनीको स्वरूपमा विशेष विधिपूर्वक पूजा गरिएको पाइन्छ । विषहरालाई महादेवको सन्ततिसरह मानिएकाले यसको पूजनबाट एकातिर सर्पको भय नरहने र अर्कोतिर महादेव पनि प्रसन्न हुने विश्वास रहेको छ ।

समाजमा कन्यादान गर्दा कन्याको उमेर प्रायः किशारोवस्थाको रहने एवं त्यस उमेरकी बालिका पारिवारिक र सामाजिक विधि व्यवस्थाका विषयमा पटु नरहने हुनाले समाज वा परिवारकी प्रौढ महिलाद्वारा कथाको माध्यमले यस्ता गम्भीर र अत्यावश्यक कुराबारे ज्ञान प्रदान गरिनु अन्यन्त महत्वपूर्ण मानिन्छ ।

यस पर्वमा महिला वर्गको मात्र सहभागिता रहने भएकाले नवयौवना बालिकालाई जीवनोपयोगी शिक्षा उपयोगी तरिकाले दिइने गरिन्छ, जसबाट ऊ मानसिक र शारीरिक रूपले समेत गृहस्थ जीवनयापनका लागि तयार हुन सकोस् । पर्वको अन्तिम विधि टेमी विधि हुन्छ । यसमा बेहुलीको आँखा छोपि घुँडा र खुट्टा डाम्ने गरिन्छ । सामान्य अर्थमा यो विधि अव्यवहारिक, अन्धविश्वासी, रूढीवादी परम्परामा आधारित भएको देखिए पनि एउटा खास धार्मिक, सांस्कृतिक मान्यता प्रतीक मानिएको छ । सो विधि डाम्दा हुने पीडा जतिकै दाम्पत्य जीवनमा पर्न सकिने दुःख, कष्ट, पीडा खप्ने हुनुपर्दछ भन्ने अर्थमा अर्थ्याएको पाइन्छ ।

# काठमाडौँ उपत्यकामा पाँच हजारको नमूना सङ्कलन

काठमाडौँ, २६ असार (रासस) ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले काठमाडौँ उपत्यकाका पाँच हजार मानिसको कोभिड-१९ को पिसिआर परीक्षण गर्नका लागि नमूना सङ्कलन गरेको छ । बिहीबारदेखि महाशाखाले उपत्यकाका अस्पताल, बैंक, मालपोत, नापी- यातायात कार्यालय जस्ता मानिसको बढी भीडभाड हुने ठाउँमा पुगेर नमूना सङ्कलन गरिरहेको छ । महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले उपत्यकामा समुदायमा कोभिड-१९ को अवस्था पत्ता लगाउनका लागि नमूना सङ्कलन गर्न थालिएको जानकारी दिनुभयो ।

महाशाखाको टोलीले विभिन्न ठाउँमा रहेका ती कार्यालयमा रहेका कर्मचारी र सेवाग्राहीको नमूना सङ्कलन गरेको छ । महाशाखाका वरिष्ठ जनस्वास्थ्य प्रशासक महेन्द्रध्वज अधिकारीले एउटा कार्यालयका ६० देखि ७० जनासम्मको नमूना सङ्कलन गरिने बताउनुभयो । अस्पतालमा सघन उपचार कक्षका बिरामी, अर्बुदरोग र मिर्गौलाको डायलासिस गराइरहेका बिरामी तथा उनीहरुको उपचारमा संलग्न स्वास्थ्यकर्मीको परीक्षण गरिनेछ । यस्तै बैंक, मालपोत- नापी जस्ता कार्यालयमा अग्रपङ्क्तिमा रहेर काम गर्ने कर्मचारीको नमूना सङ्कलन गरिनेछ । उपत्यकामा बाहिरबाट आउने मानिस बढेपछि महाशाखाले परीक्षणको दायरा बढाएको हो ।

महाशाखाका वरिष्ठ वरिष्ठ जनस्वास्थ्य प्रशासक अधिकारीले पाँच दिनसम्म ती कार्यालयमा काम गर्ने व्यक्तिको नमूना सङ्कलन गरिसक्ने बताउनुभयो । महाशाखाले बिहीबार कलङ्की, वनस्थली, चाबहिल र भक्तपुरमा ती कार्यालयमा रहेका कर्मचारीको एक हजार नमूना सङ्कलन गरेको थियो ।

यस्तै शुक्रबार ललितपुरको भैँसेपाटी, काठमाडौँका नयाँ बानेश्वर र नयाँ सडक तथा भक्तपुरमा गई टोलीले नमूना सङ्कलन गर्दै छ । उहाँले दै अ¶ निक पाँच दिनसम्म एक हजारको दरले नमूना सङ्कलन गरिने बताउनुभयो । केही दिनयता लगातार उपत्यकामा कोभिड-१९ का सङ्क्रमित भेटिएपछि जोखिम बढेको छ । केही दिनअघि एकैदिन उपत्यकामा ५४ सङ्क्रमित भेटिएका थिए ।

यस्तै मुलुक बाहिरबाट आउने मानिसको कोभिड-१९ सङ्कट व्यवस्थापन सञ्चालन केन्द्र (सिसिएमसी)ले नमूना सङ्कलन गर्नेछ । सिसिएमसीले बाहिरी मुलुकबाट आउने सम्भावित ४४ हजार व्यक्तिको नमूना सङ्कलन गर्नेछ । सिसिएमसीले स्थलमार्गबाट आउनेलाई सोही नाका र हवाइमार्गबाट आउनेलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा परीक्षण गर्नेछ । अहिलेसम्म नेपालमा दुई लाख ७१ हजार १४५ जनाको परीक्षण गरिएको छ । यस्तै १६ हजार ५३१ जनामा सङ्क्रमण देखिएको छ ।

# बन्दाबन्दीमा महिला हिंसा बढ्दो, ५८ प्रतिशत हिंसा घरभित्रबाटै

काठमाडौं, २६ असार (रासस)।

कोभिड-१९ को सङ्क्रमण रोकथामका लागि लागू गरिएको बन्दाबन्दीमा महिला तथा बालिकामाथि हुने हिंसाका घटनामा तुलनात्मक रुपमा वृद्धि देखिएको छ। गत आर्थिक वर्षमा करिब एक हजार ७०० को हाराहारीमा महिला तथा बालिकामाथि भएका हिंसाका घटना अभिलेखकिरण गरिएकामा बन्दाबन्दीको पछिल्लो तीन महिनामा मात्रै ८४३ महिला हिंसाका घटना भएको एक तथ्याङ्कले देखाएको छ।

महिला पुनःस्थापना केन्द्र (ओरेक) ले पछिल्लो तीन महिनामा ८४३ महिला तथा बालिकामाथि भएका हिंसाका घटना अभिलेखकिरण गरेको जनाएको छ। अभिलेखकिरण भएका हिंसाका घटनामध्ये सबैभन्दा बढी ५८ प्रतिशतअर्थात ४९० वटा घटना घरभित्रकै सदस्यको संलग्नतामा भएको पाइएको ओरेकका कार्यकारी निर्देशक लुभराज न्यौपानेले जानकारी दिनुभयो।

दाइजो नल्याएको/कमल्याएको निहुँमा, छोरीछोरी मात्र जन्माएको निहुँमा, सन्तान नजन्मिएकोमा सबै दोष महिलालाई मात्र लगाउने, गालीगलौज गर्ने, चारित्रिक आरोप लगाउने तथा अपशब्द प्रयोग गरी २८८ जना महिलामाथि शारीरिक हिंसा र १०२ जनामाथि मानसिक हिंसा भएको ओरेकको तथ्याङ्कमा उल्लेख छ–।

यसैगरी ७१ महिलालाई खानालाउन नदिई घर निकाला गरेको, १४ जनाको विवाहदर्ता नबनाई दिएको, चार जना बच्चाको जन्मदर्ता नबनाई दिएको, आठ जनाको नागरिकता नबनाई दिएको, तीन जनालाई स्वास्थ्य सुविधाबाट वञ्चित गरिएको घटना रहेका छन्।

महिला हिंसाका घटनामध्ये ८३ सामाजिक हिंसा, १३१ बलात्कार, २६ बलात्कारको प्रयास, ३५ यौनदुर्व्यवहार, २१ हत्या, चार हत्या वा आत्महत्या पुष्टि हुन बाँकी रहेको, ३२ आत्महत्या, दुई आत्महत्याको प्रयास, चार हत्याको प्रयासका घटना, चार मानव बेचविखन र ११ साइवर अपराधसँग सम्बन्धित घटना रहेको उहाँले जानकारी दिनुभयो। हिंसा गर्ने व्यक्तिमा ३५७ जना श्रीमान्, १३३ जना परिवारका अन्य सदस्य, १७६ जना छिमेकी, ४० जना प्रेमी ठानिएका व्यक्ति, १६ जना साथी, १२ जना सेवाप्रदायक, चार जना शिक्षक, चार जना घरमालिक र ६५ जना पहिचान नखुलेको व्यक्ति रहेका छन्।

कार्यकारी निर्देशक न्यौपानेले भन्नुभयो, "प्रत्येक व्यक्तिका लागि घर सुरक्षित हुन्छ भन्ने मान्यता रहेको छ, तर यस तथ्याङ्कले घरभित्रै महिला र बालिका अझ बढी असुरक्षित र हिंसाको जोखिममा रहेका देखाउँछ। बालिका र महिलालाई हेर्ने हानिकारक सोचका कारण महिला हिंसाका घटना नियन्त्रण हुन सकेका छैन।" घरेलु हिंसा प्रभावितले नै घर छोड्नुपर्ने, समयमा न्यायिक कारवाही नहुने, पीडकले पटकपटक धम्की दिने, सामाजिक रुपमा लाल्छना खप्नुपर्ने, पारिवारिक र सामाजिक सहयोगको कमी हुने, बालबालिकाको पालनपोषणका लागि चुनौती खप्नुपर्ने जस्ता कारणले गर्दा अझ धेरै घटना बाहिर आउन नसकेको बताइन्छ।

यसका लागि सरकारले घरेलु हिंसामा संलग्न व्यक्तिलाई कानूनी कारवाही र आवश्यकताअनुसार सुधार गृहमा राख्ने र प्रभावितलाई घरमा नै सुरक्षितरुपमा रहने वातावरण निर्माण गरी प्रभावितको शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनका लागि सहयोग गर्नुपर्ने आवश्यकता छ। ओरेकद्वारा सञ्चालन गरिएको तीन हटलाइन, मनोविमर्शकर्ता, महिला मानवाधिकार रक्षक, साझेदार महिला सामुदायिक सङ्घसंस्थामार्फत ६१ वटा जिल्लाबाट यी घटना अभिलेखीकरण गरिएको र यीमध्ये ११२ वटा घटना सञ्चारमाध्यमबाट सङ्कलन गरिएको ओरेकले जनाएको छ।


"जिम्मेवारी, प्राथमिकता उत्तरदायी सहितको हाम्रो कामना : लैङ्गिक हिंसा, अन्त्य हाम्रो चाहना।"

"सूचना र प्रविधि सहितको तीन तहको सरकार : लैङ्गिक हिंसा निर्मुल सबैको जिम्मेवार।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

## कोरोना भाइरसबाट विश्वमा पाँच लाख ५७ हजार भन्दा बढीको मृत्यु

असार २६ (रासस/एएफपी)।

कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ५ लाख ५७ हजार ९२३ पुगेको छ। साथै यस संक्रमणबाट विश्वभर १ करोड २४ लाख १५ हजार ५८२ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्धारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ।

नेपाली समयानुसार शुक्रबारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ७२ लाख ४१ हजार ६०१ जना निको भएका छन्। हाल विश्वभरमा कोरोना भाइरस संक्रमित करिब ४६ लाख १६ हजार ५८ व्यक्ति उपचाररत रहेका छन्। संक्रमितहरुमा ५८ हजार ६८७ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ३२ लाख २० हजार ५०० जनामा कोरोना भाइरसका संक्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा १ लाख ३५ हजार ८२८ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा २७ लाख ३३ हजार ३०५ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ १ लाख ४०६ जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा ३७ लाख ७५ हजार ४५२ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ १ लाख ८२ हजार २५९जनाको मृत्यु भएको छ।

युरोपमा २५ लाख ४० हजार २८९ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ९५ हजार ६६५ को मृत्यु भएको छ। एसिया २८ लाख ९ हजार ४६३ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ६६ हजार ९१७ जनाको मृत्यु भएको छ।

अफ्रिकामा ५ लाख ४५ हजार ३१३ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२ हजार ५०३ जनाको मृत्यु भएको छ। ओसियानामा ११ हजार ३० जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२८ जनाको मृत्यु भएको छ।

## भारतमा एकैदिनमा अहिलेसम्मकै धेरै २६ हजार संक्रमित

असार २६ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक संक्रमितको संख्या बढ्दै जानेक्रममा २६ हजारभन्दा बढी पुगेको छ। सरकारी अधिकारीहरुले शुक्रबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा २६ हजार ५०६ जना संक्रमित भएका छन्। यो संख्या दैनिक संक्रमित भएकाहरुको संख्या मध्ये सवैभन्दा धेरै पनि हो।

केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले एकैदिनमा ४७५ जनाको कोरोनाका कारण मृत्यु भएको पनि जनाएको छ। योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट संक्रमित भएकाहरुको संख्या सात लाख ९३ हजार ८०२ पुगेको अधिकारीहरुले जनाएका छन्। भारतमा अहिले पनि दुई लाख ७६ हजार ६८५ जना संक्रमित अवस्थामै रहेका छन् भने चार लाख ९५ हजार ५१३ जना संक्रमणमुक्त भएका छन्। त्यसैगरी भारतमा कोरोनाकै कारण मृत्यु भएकाहरुको संख्या अहिलेसम्म २१ हजार ६०४ पुगेको अधिकारीहरुले जानकारी दिएका छन्।

कोरोनाबाट भारतमा सवैभन्दा धेरै प्रभावित भएको महाराष्ट्र प्रदेशमा दुई लाख ३० हजार ५९९ जना संक्रमित भएका छन्। त्यसैगरी तमिलनाडुमा एक लाख २६ हजार ५८१ जना र दिल्ली प्रदेशमा एक लाख सात हजार ५१ जना संक्रमित भएका छन्।

## उडिरहेको विमान भित्र जुम्ल्याहा बालिकाको जन्म

असार २६ (रासस/सिन्ह्वा)।

उडिरहेको विमान भित्र मंगोलियाकी एक महिलाले शुक्रबार बिहान दुई बच्चालाई जन्म दिएकी छिन्।टर्कीको राजधानी स्तानबुलदेखि मंगोलियाको राजधानी उलान बाटोरतर्फ गइरहेको बेला ४२ बर्षीया महिलाले जुम्ल्याहा बालिका जन्माएकी हुन्।

जन्मिएका ती बच्चाहरु बालिका हुन भने ती महिला सामान्य अवस्थाभन्दा दुई महिना अगाडी नै सुत्केरी भएको जनाइएको छ। बच्चा जन्माएकी महिला र दुबै बच्चाहरुलाई अहिले आइसोलेसनमा र उच्च स्वास्थ्य निगरानीमा राखिएको मंगोलियाको सरुवा रोग राष्ट्रिय केन्द्रका प्रमुख डुल्मा न्युम्खुले जानकारी दिनुभयो।

विमानमै जुम्ल्याहा सन्तान जन्मिएको बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा उहाँले कोरोनाभाइरसको त्रासका कारण पनि उच्च सतर्कता अपनाइएको बताउनुभयो। कोरोनाका कारण नियमित विमान सेवा सञ्चालन नभएकाले उनीहरु चार्टर गरिएको विमानमार्फत् यात्रा गरेका थिए। ती महिलासँगै मंगोलियाका २६० जना यात्रु टर्कीबाट सो विमानमार्फत् मंगोलियाको यात्रामा रहेका थिए।

# टेकुमा एचआइभीको औषधि नियमित

काठमाडौँ, २६ असार (रासस) ।

टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा दैनिक ६० देखि ७० जना एचआइभी सङ्क्रमित नियमित औषधि लिन आउने गरेका छन् । कोभिड-१९ को उपचारका लागि तोकिएको यस अस्पतालमा पहिले दिइँदै आएका कतिपय सेवा अन्यत्र सारिए पनि यो सेवा यहीँबाट दिइँदै आएको छ ।

कोभिड-१९ सङ्क्रमण बढिरहेकाले अधिकांश सेवा अरु अस्पतालमा सरिएको छ । एचआइभी सङ्क्रमितमध्ये जटिल समस्या भएकालाई अरु अस्पतालाट सेवा दिइने गरे पनि सामान्य अवस्थाका सङ्क्रमित यहीँ औषधि लिन आउने गरेको अस्पतालका निर्देशक सागर राजभण्डारीले बताउनुभयो । यो अस्पताल एचआइभीमैत्री भए पनि अन्यत्र यस्तो वातावरण नपाइने भन्ने गुनासो आउने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “उहाँहरुलाई यहाँ जस्तो सहज नभए पनि अहिलेको अवस्थामा जानैपर्छ ।”

अस्पतालले सेवा अरु अस्पतालमा सारेपछि कतिपयले दुःख मनाउ गर्ने गरेको निर्देशक डा राजभण्डारीले बताउनुभयो । एचआइभी सङ्क्रमितले सोचेजस्तो सेवा नपाएको भनी गुनासो गर्ने गरेका छन् । उनीहरु एकदेखि दुई महिनामा एक पटक औषधि लिन आउने गरेका हुन् । अस्पतालमै भर्ना हुनुपर्ने गम्भीर बिरामी वीर अस्पताललगायतका अस्पतालमा जाने गरेका छन् ।

अस्पतालले यो सेवासँगै रेविजविरुद्धको खोप यहीँबाट सञ्चालन गर्दै आएको छ । यो सेवा अरु अस्पतालमा सार्न सहज नभएको भनी यहीँबाट सेवा सञ्चालन भइरहेको हो ।

## *लागु औषध ...*

उनको साथबाट प्रतिबन्धित लागु औषध स्पासमोप्रोक्सिभोन प्लस २८ थान बरामद गरिएको प्रहरीले जनाएको छ। उनलाई शुक्रबारै सप्तरी जिल्ला अदालतमा म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको डिएसपी तिलक भारतीले जानकारी दिए ।


यस्तै शुक्रबारै भन्सार छलेर भारतबाट अवैध रुपमा साइकलमा बोकेर ल्याउँदै गरेका एक लाख मुल्य बराबरको रेडिमेड कपडासहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा राजविराज नगरपालिका १२ का अर्जुन यादव, सुरज यादव र अरबिन्द खंग छन् ।

उनीहरुलाई साइकल र सामानसहित भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## *सप्तरीस्थित ...*

घर फर्किसकेको स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

यता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा कोरोना भाइरस संक्रमितको संख्या १६ हजार ६ सय ४९ जना पुगेको र संक्रमणबाट निको भएर घर फर्किनेको संख्या ८ हजार ११ पुगेको जनाइएको छ ।


अनुरोधकर्ता : रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


# ‘प्रेस काउन्सिल अफ इन्डिया’ समक्ष प्रेस काउन्सिल नेपालको ध्यानाकर्षण

काठमाडौँ, २६ असार (रासस) ।

भारतीय टिभी च्यानलले नेपाल र नेपालीविरुद्ध आपत्तिजनक सामग्री प्रशारण गरेको भन्दै प्रेस काउन्सिल नेपालले विरोध जनाएको छ। भारतका केही सञ्चारमाध्यमबाट अपुष्ट, अक्षम्य र भ्रामक सामग्री प्रशारण भएकोप्रति काउन्सिलले समकक्षी ‘प्रेस काउन्सिल अफ इन्डिया’ समक्ष गम्भीर सरोकार राखेको कार्यबाहक अध्यक्ष किशोर श्रेष्ठले जानकारी दिनुभयो ।

त्यस्तै प्रेस काउन्सिलले अफवाहपूर्ण सामग्री सम्प्रेषण गर्ने दुई अनलाइनलाई कारवाही गरेको छ। काउन्सिलले ‘दुःखद् खबर’ भन्दै भर्खरै नेपालबाट कतारका लागि उडेको जहाज दुर्घटना हुँदा ८७ को मृत्यु भएको भनी झुठो समाचार सम्प्रेषण गर्ने ‘मिडियाएनपिओ’ र ‘कुन्तिपुर.कम’ लाई बन्द गरेको छ ।

त्यसैगरी निरन्तर अश्लील पोष्ट सम्प्रेषण गर्ने ‘हिमालयन दैनिक’ पनि बन्द गरिएको छ। पटक-पटक सचेत गराउँदा पनि आफ्नो भ्युअर्स बढाउने नाममा अश्लील पोष्ट सम्प्रेषण गर्ने तर सच्चिन तयार नहुने भएपछि काउन्सिलले कारवाही गरिएको अध्यक्ष किशोर श्रेष्ठले जानकारी दिनुभयो । यससँगै प्रशारण बन्दको कार्वाहीमा पर्ने अनलाइन न्यूज पोर्टलको सङ्ख्या १०० पुगेको छ ।

# वैकल्पिक सिकाइबारे प्रदेशगत समीक्षा गरिँदै

काठमाडौँ, २६ असार (रासस) ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले यही असार १ गतेदेखि शुरु भएको वैकल्पिक सिकाइ कार्यक्रमको प्रदेशगत समीक्षा शुरु गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले सो पद्धतिको सिकाइ र अवस्थाबारे प्रतिवेदन तयार गर्न सात प्रदेशका लागि मन्त्रालयबाट एक एक जना सहसचिवस्तरका कर्मचारीलाई जिम्मेवारी तोक्नुभएको छ । वैकल्पिक सिकाइ पद्धतिको कार्यान्वयनको प्रभावकारिता, यसका समस्या, आगामी दिनमा चाल्नुपर्ने कदमका बारेमा मन्त्री पोखरेलले सुझाव लिन थाल्नुभएको उहाँका स्वकीय सचिव पुरन केसीले जानकारी दिनुभयो ।

प्रारम्भिक चरणमा विद्यालय पुनः सञ्चालन गर्नुपर्ने र वैकल्पिक सिकाइलाई शैक्षिकसत्रसँग जोड्नुपर्ने विषयलगायतको सुझाव आएको जनाइएको छ । प्राप्त प्रतिवेदनका आधारमा निर्णयका लागि मन्त्रालयले कोरोना रोकथाम केन्द्रीय निर्देशक समिति ( सिसिएमसी) मा प्रस्ताव लानेछ । कोरोना महामारी र बन्दाबन्दीका कारण शिक्षालय बन्द भएको स्थितिमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सिकाइ निरन्तरताका लागि मन्त्रालयले गत जेठ १८ गते वैकल्पिक प्रणलीबाट सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गरी सबै प्रदेश र स्थानीय तहमा कार्यान्वयनका लागि आग्रह गरेको थियो ।


**हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट HBL Himalayan Bank Ltd BATAS
CG Money CHAUDHARY GROUP


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*